**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना**

# आयोजना कार्यान्वयन एकाइ

**सुदूरपश्चिम प्रदेश, डोटी, नेपाल**

## "फलफूल बगैंचा स्थापना कार्यक्रम"मा आबद्ध हुन प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**सूचना नं.: १ (२०८३/८४)**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/०४**

यस आयोजनाको "पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरूमा देहायका बालीहरूको बगैंचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई आवश्यक कागजातहरू सहित सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा सूचना प्रकाशन भएको मिति (२०८३/०५/०४ गते) देखि चालू आर्थिक वर्ष २०८३/८४ अवधिभर आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | कार्यक्रम सञ्चालन हुने | | लक्षित बालीहरू |
|---|---|---|---|
| | जिल्ला | स्थानीय तह | |
| १ | बैतडी | दशरथचन्द नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| | | पाटन नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| २ | दार्चुला | शैल्यशिखर नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| | | लेकम गाउँपालिका | ओखर, चुच्चे ओखर, सुन्तलाजात फलफूल |
| ३ | बझाङ | जयपृथ्वी नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल, किवी |
| | | बुंगल नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| | | छबिसपाथिभेरा गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल, किवी |
| | | मष्टा गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम |
| ४ | अछाम | मंगलसेन नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल, किवी |
| | | कमलबजार नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल, किवी |
| | | पञ्चदेवल विनायक नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल, किवी |
| | | तुर्माखाँद गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| | | बान्नीगढी जयगढ गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, सुन्तलाजात फलफूल |
| ५ | बाजुरा | बुढीनन्दा नगरपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, स्याउ |
| | | जगन्नाथ गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, स्याउ |
| | | स्वामीकार्तिक खापर गाउँपालिका | ओखर, चुच्चे ओखर, कागजी बदाम, स्याउ |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरूको विवरण:**

१) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम,
२) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
३) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रबन्ध पत्रको प्रतिलिपि,
५) अनुसूची १७ र सो बमोजिम सम्बन्धित समूह/संस्थाको निर्णयको प्रतिलिपि,
६) अनुसूची १८ बमोजिम बगैंचा स्थापनार्थ गरिएको सहमति-पत्र
७) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको),
८) अनुसूची १९ र सो बमोजिमको निर्णयको प्रतिलिपि,
९) अनुसूची २० बमोजिम स्वघोषणा पत्र,
१०) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची
७) फलफूल बगैंचा स्थापना गर्न चाहेको जग्गाको सबै कित्ताको विवरण र कित्ता स्पष्ट देखिने नापी नक्सा ।

**नोट:** आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू आयोजना कार्यान्वयन एकाइ, सुदूरपश्चिम प्रदेश, डोटी वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा वेबसाइट www.sudurpaschim.nafha.gov.np बाट प्राप्त गर्न सकिनेछ । अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा सम्पर्क नम्बर ९८६८७३७२०७, ९८४८११९७४४ मा सम्पर्क गर्न सकिनेछ ।